कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# थ्रीस्टार हाईड्रोपावर लिमिटेड
# THREE STAR HYDROPOWER LIMITED

रजिष्टर्ड कार्यालयः मध्यपुर ठिमी, न.पा.-३, भक्तपुर, नेपाल, फोन नं. : ०१-६६३५०८०
इमेलः sapsu2016@gmail.com वेवसाइटः www.threestarhydro.com

को

## साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला सम्बन्धी सूचना

थ्रीस्टार हाईड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु.४९,२५,००,०००/- (अक्षरेपी उनन्पचास करोड पच्चीस लाख मात्र) को २५ प्रतिशत अर्थात रु.१२,३१,२५,०००/- (अक्षरेपी बाह्र करोड एकत्तीस लाख पच्चीस हजार मात्र) रकम बराबरको रु.१००/- अंकित दरका १२,३१,२५० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको १० प्रतिशत अर्थात रु.४,९२,५०,०००/- (अक्षरेपी चार करोड बयानब्बे लाख पचास हजार मात्र) रकम बराबरको रु.१००/- अंकित दरका ४,९२,५०० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि र बाँकी १५ प्रतिशत अर्थात रु.७,३८,७५,०००/- (अक्षरेपी सात करोड अठतीस लाख पचहत्तर हजार मात्र) रकम बराबरको रु.१००/- अंकित दरको ७,३८,७५० कित्ता साधारण शेयर मध्ये १० प्रतिशत अर्थात ७३,८७५ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि, ५ प्रतिशत अर्थात ३६,९३८ कित्ता साधारण शेयर सामूहिक लगानी कोष र २ प्रतिशत अर्थात १४,७७५ कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुका लागि छुट्टाइएको शेयर बाँडफाँड पश्चात् बाँकी रहेको ६,१३,१६२ कित्ता साधारण शेयरहरु **आज मिति २०८० आषाढ ५ गते मंगलबार** देखि सर्वसाधारणहरुमा निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

| | |
|---|---|
| **दरखास्त दिन पाउने न्यूनतम कित्ता : १०** | **दरखास्त दिन पाउने अधिकतम कित्ता : ५०,०००** |

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने**

| क्र.सं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | श्री हिमालयन क्यापिटल लिमिटेड, त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौ । वेवसाइटः www.himalayancapital.com |
| २. | थ्रीस्टार हाईड्रोपावर लिमिटेड, मध्यपुर ठिमी न.पा.-३, भक्तपुर । वेवसाइटः www.threestarhydro.com |
| ३. | नेपाल धितोपत्र बोर्डको वेवसाइटः www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ । |

| सि.नं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १ | सर्वसाधारणको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्बा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

### साधारण शेयरको बिक्री खुल्ला अवधि

| | | |
|---|---|---|
| **निष्काशन खुल्ला हुने मिति** | : | **२०८०/०३/०५ गतेदेखि** |
| **निष्काशन बन्द हुने मिति (छिटोमा)** | : | **२०८०/०३/०८ गते (बैंकिङ्ग समय पश्चात्) सम्म** |
| **निष्काशन बन्द हुने मिति (ढिलोमा)** | : | **२०८०/०३/१९ गते (बैंकिङ्ग समय पश्चात्) सम्म** |

**नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | अपरिष्कृत आ.व २०७९/०८० पौष मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर आम्दानी (EPS) (रु.) | (०.४५) | (०.५७) | (१०.२२) | ७.४४ | ९.८८ | १२.१७ | १४.५१ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९५.६० | ९५.८८ | ८५.६५ | ९३.०९ | ९९.२२ | १११.३९ | १२५.९० |
| जगेडा कोष तथा संचित नाफा (रु.हजारमा) | (१३,०९०) | (१५,२०९) | (५२,९९२) | (४५,८८३) | (३,८४९) | ५६,०८४ | १२७,५६२ |

### प्रति मेगावाट लागत सम्बन्धी विवरणः

संगठित संस्थाद्वारा प्रर्वधित भएको साप्सुप खोला जलविद्युत आयोजना ६.६ मे.वा. को डिटेल प्रोजेक्ट रिर्पोट अनुसार अनुमानित प्रति मेगावाट लागत रु.२१,०६,००,०००/- रहेको छ । निर्माण सम्पन्न भए पछि प्रति मेगावाट लागत थपघट हुन सक्नेछ ।

### विद्युत उत्पादन अनुमतिपत्रको बाँकी अवधि सम्बन्धी विवरणः

यस जलविद्युत आयोजनाको अनुमतिपत्रको बहाल रहने अवधि मिति २०७४/०८/२९ देखि २१०९/०८/२८ गाते अर्थात ३० वर्ष २ महिना बाँकी रहेको छ ।

### परियोजना लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी व्यवस्थाः

लगानी फिर्ता हुने अवधि **(Pay Back Period)** ६.२२ वर्ष र
डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि **(Discounted Pay Back Period)** ११.४३ वर्ष रहेको छ ।

### जलविद्युत आयोजनाको कुल लागतः

साप्सुप खोला जलविद्युत आयोजना ६.६ मेगावाट को डिटेल प्रोजेक्ट रिर्पोट अनुसार अनुमानित कुल लागत रु.१,३९,००,००,०००/- रहेको छ । निर्माण सम्पन्न भए पछि प्रति मेगावाट लागत थपघट हुन सक्नेछ ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई मिति २०७९ श्रावण ३१ गते "[ICRANP-IR] B- (Pronounced ICRANP Issuer Rating B Minus)" प्रमाणपत्र प्राप्त गरेको छ। "[ICRANP-IR] B-" ले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा उच्च जोखिम रहेको (High Risk of Default Regarding Timely Servicing of Financial Obligations) भन्ने जनाउँछ। ईक्रा नेपाल लिमिटेडले [ICRANP -IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP -IR] AAA n] (Highest Degree of Safety Regarding Timely Servicing of Financial Obligation) जनाउँछ भन्ने [ICRANP-IR] D n] (Default or are Expected to be in Default Soon) भन्ने जनाउँछ।

रेटिङ्ग प्रदान गरेको मिति : २०७९/०४/३१ (तदनुसार अगष्ट १६, २०२२ )    बहाल रहने अवधिः २०८०/०४/३० (तदनुसार अगष्ट १५, २०२३)

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८० जेष्ठ २९ गतेको "नयाँपत्रिका"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेवसाइटः www.threestarhydro.com, नेपाल धितोपत्र बोडको वेवसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट www.himalayancapital.com मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं ।

**Himalayan Capital**

A wholly owned Subsidiary of Himalayan Bank limited

**निष्काशन तथा बिक्री प्रबन्धकः**

**हिमालयन क्यापिटल लिमिटेड**

कर्मचारी संचय कोष भवन, ठमेल, काठमाण्डौं, फोनः ०१-५३५८३४५/५३६३१४७
इमेलः info@himalayancapital.com, वेवसाइटः www.himalayancapital.com